
annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ३४० पृष्ठ १० | काठमाडौं, बुधबार ३ वैशाख २०८२ | वैशाख कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४... | ...EDNESDAY, APRIL 16, 2025 | ...बुटवल र कोहलपुरबाट एकैसाथ प्रका... | ...ल्य : रु. १०

कभर स्टोरी

# नेपालमा दर्ता हुन किन आनाकानी गरिरहेका छन् सामाजिक सञ्जाल ?




मोबाइल फोन खोल्यो कि, सामाजिक सञ्जाल स्क्रोल नगर्ने सायदै होलान । तर, बढ्दो सामाजिक सञ्जालको प्रयोग सँगै आपराधिक गतिविधि, ठगी, साइबर क्राइमहरू पनि बढ्दै गएका छन् । तर, त्यसो हुँदा पनि सरकारले सामाजिक सञ्जाल सञ्चालकलाई जवाफदेही बनाउन सक्दैन । किनभने, उनीहरू नेपालमा दर्ता छैनन् । त्यसैकारण सरकारले नेपालमा दर्ता हुन पटक-पटक आह्वान गरेको छ । तर, अटेर गरिरहेका छन् । नेपालमै दर्ता भए उनीहरू जिम्मेवार बन्थे, अर्कोतिर राज्यलाई ठूलो मात्रामा राजस्व पनि उठ्थ्यो ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट

## सीको भियतनाम भ्रमणले अमेरिकालाई 'बिगार्ने' लक्ष्य : ट्रम्प



**हनोइ** (एजेन्सी): चिनियाँ राष्ट्रपति सी जिनपिङले मंगलबार भियतनामका दिवंगत क्रान्तिकारी नेता हो ची मिन्हलाई हनोइको भ्रमणको अन्तिम दिन श्रद्धाञ्जलि अर्पण गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त भ्रमणले संयुक्त राज्यलाई 'बिगार्ने' लक्ष्य राखेको बताएका छन्।

मलेसिया र कम्बोडिया समावेश हुने दक्षिणपूर्वी एसिया भ्रमणको एक हिस्साका रूपमा सी भियतनाममा छन्। ती मुलुकका नेताहरूले अमेरिकी भन्सार शुल्कको सामना गरिरहेको बेला बेइजिङले आफूलाई ट्रम्पको स्थिर विकल्पका रूपमा स्थापित गर्न खोजिरहेको छ।

चिनियाँ राष्ट्रपति सीले सोमबार आफ्नो देश र भियतनामलाई 'एकपक्षीय धम्कीको विरोध गर्न र विश्वव्यापी स्वतन्त्र व्यापार प्रणालीको स्थिरतालाई कायम राख्न' आह्वान गरे। केही घण्टापछि ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूलाई उनीहरूको बैठक संयुक्त राज्यलाई चोट पुर्‍याउने उद्देश्यले थियो भने।

'म चीनलाई दोष दिन्नँ। म भियतनामलाई दोष दिन्नँ। म दिन्नँ। मैले देखें कि उनीहरू आज भेट्दै छन्, र त्यो अद्भुत छ', उनले भने, 'त्यो एक सुन्दर बैठक हो... हामीले संयुक्त राज्य अमेरिकालाई कसरी बिगार्ने भनेर पत्ता लगाउने प्रयास जस्तै।'

चीन र भियतनामले सोमबार आपूर्ति शृंखला, कृत्रिम बौद्धिकता (एआई), संयुक्त समुद्री गस्ती र रेलमार्ग विकास सहित ४५ सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन्। सीले सोमबार भियतनामका शीर्ष नेता तो लामसँगको बैठकमा उहाँहरूको देशहरू 'इतिहासको निर्णायक विन्दुमा उभिएका छन्... र संयुक्त हातहरू अगाडि बढ्नुपर्छ' भने। भियतनाम समाचार एजेन्सीका अनुसार लामले वार्तापछि दुई नेताले 'धेरै महत्वपूर्ण र व्यापक साझा धारणाहरू प्राप्त गरेको' बताए।

# सरकारलाई प्रभावकारी र दुई दलीय संयन्त्रलाई अझै बलियो बनाइने

## ओली-देउवा भेटवार्ता

राधा खनाल | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच सत्तागठबन्धनलाई बलियो बनाएर लैजाने सहमति भएको छ। गठबन्धन सरकारका बारेमा सत्तासीन कांग्रेसकै नेताहरूबाट प्रश्न उठिरहेका बेला ओली र देउवाबीच मंगलबार बालुवाटारमा भेटवार्ता भएको हो।

बिहान ११ बजेदेखि झन्डै ४५ मिनेट भएको उक्त भेटमा सरकारलाई प्रभावकारी बनाउने, दुई दलीय संयन्त्रलाई बलियो बनाउने विषयमा छलफल भएको नेताहरूले बताएका छन्। यस्तै, गभर्नर नियुक्ति र शिक्षक आन्दोलनको विषयमा पनि छलफल भएको थियो। एमाले नेता डा. राजन भट्टराईका अनुसार बैठकमा सरकारलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो। यस्तै, दुई शीर्ष नेताबीच 'एक ढिक्का भएर अघि बढ्ने' सहमति भएको बताइएको छ। भट्टराईले भने, 'सरकार सञ्चालनका लागि बनाइएको संयत्रको बैठक चाँडै नै बोलाएर अहिले देखिएका सबै खालका समस्याको निकास खोज्न दुई नेता सहमत हुनुभएको छ।'



प्रधानमन्त्री ओलीको निजी सचिवालय र देउवाको सचिवालयले भने सरकारमा रहेका दुवै दलका शीर्ष नेतृत्वबीच नियमित भेटघाट भइरहेको बताएका छन्। देउवाको सचिवालयका एक सदस्यले भने, 'उहाँहरूबीच यसरी भेटवार्ता चलिरहेकै हुन्छ। आजको भेटलाई अलिक बढी हल्ला गरियो। दैनिक जस्तै भेटघाट भइहेकै हुन्छ।' त्यसो त यो भेटलाई पछिल्लो समय नयाँ सत्ता समीकरणको सम्भावनासँग जोडेर हेरिएको छ।

खासगरी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केही दिनअघि चितवन पुगेर नयाँ वर्षमा नयाँ सरकार बन्ने दाबी गर्दै सञ्चार माध्यमलाई प्रतिक्रिया दिए पछि मुलुकको राजनीति एकाएक तरंगित बनेको थियो।

प्रचण्डले भनेका थिए, 'ओली नेतृत्वको सरकारबाट जनता र कांग्रेस-एमालेकै नेता कार्यकर्ता असन्तुष्ट छन्। अब यो सरकारको आयु लामो छैन, भन्ने मेरो बुझाइ हो। अब नयाँ वर्ष सुरु भए सँगै नयाँ समिकरणको सरकार बन्छ।' यिनै समीकरणका बीच ओली-देउवा संवाद भएको हो।

सरकार सञ्चालन सहजीकरण संयन्त्रका सदस्यसमेत रहेका कांग्रेस महामन्त्री गगन थापाले प्रधानमन्त्रीको शयनकक्षसम्म बिचौलियाको पहुँच रहेको र सरकारका निर्णय तिनै बिचौलियाबाट प्रभावित हुने गरेको बताएका थिए।

थापाले अगाडि भनेका छन्, 'हाम्रो इकोनोमी (अर्थतन्त्र)मा अहिले समस्या भएको भनेको बिचौलियाको कारणले हो। म यो प्रधानमन्त्री, त्यो प्रधानमन्त्री भन्दिनँ, बिचौलियाहरूको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्म हुने भयो, नेतृत्वको बेडरुमसम्म हुने भयो।' थापाले जोकोही प्रधानमन्त्री तथा नेता बिचौलियाबाट प्रभावित हुने गरेको संकेत गरेका थिए।

यद्यपि यसका बाबजुद पनि सरकार र गठबन्धन फेर्ने पक्षमा भने आफू नरहेको समेत स्पष्ट पारेका थिए। थापाले सरकारको गति नभएको र सरकार ट्र्याक्टरको गतिमा हिँडेको बताएका छन्। तन्नेरी मानिसले अहिले दैनिक परिवर्तन खोजिरहेको कुरामा जोड दिएका थिए।

» बाँकी पृष्ठ ६

## संसद् अधिवेशन आह्वान, शिक्षा विधेयक पारित गर्ने निर्णय



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले वैशाख १२ गते दिउँसो १ बजे बस्ने गरी संसद्को बजेट अधिवेशन आह्वान गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को मंगलबार अबेर सम्पन्न बैठकले विद्यालय शिक्षा विधेयक यथासक्य संसद्बाट पारित गर्ने प्रयोजनका लागि संसद् अधिवेशन आह्वान गर्ने निर्णय गरेको शिक्षामन्त्री विद्या भट्टराईले जानकारी दिइन्। शिक्षा विधेयक तत्काल पारित गर्नुपर्ने माग गर्दै देशभरका १ लाख बढी शिक्षक काठमाडौंमा आन्दोलन गरिरहेका छन्।

मन्त्रिपरिषद् बैठकले नेपाल शिक्षक महासंघले उठाएका मागहरूको विषयमा छलफल गरेको थियो। 'शिक्षकहरूका माग यथोचित सम्बोधन गर्ने सम्बन्धमा संवाद निरन्तर रहेको र अझै संवाद गर्न सरकार संवेदनशील र गम्भीर रहेको छ,' शिक्षामन्त्री भट्टराईले भनिन्, 'यथोचित मागको सम्बोधन गर्न सरकार तयार छ।'

» बाँकी पृष्ठ ६

# ६५ नाघेकालाई गभर्नर नियुक्त नगर्न सर्वोच्चको आदेश

ममता थापा | *काठमाडौं*

सर्वोच्च अदालतले सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा ६५ वर्ष नाघेकालाई नियुक्त गर्ने मापदण्ड कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। सरकारले ६५ वर्ष नाघेकालाई गभर्नर नियुक्त गर्न मिल्ने गरी मापदण्ड बनाएको थियो। सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले त्यस्तो मापदण्ड कार्यान्वयन नगर्न मंगलबार अल्पकालीन अन्तरिम आदेश दिएको हो।

सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा प्रवक्ता अर्जुन कुइँकेलका अनुसार न्यायाधीश पाण्डेयको इजलासले संशोधित मापदण्ड ५ दिनका लागि हदम्यादसँग सम्बन्धी संशोधित व्यवस्था कार्यान्वयन नगर्न आदेश दिएको हो।

'यो आदेशले गभर्नरको नियुक्ति नै रोक भनेको होइन। तर, मापदण्डमा हदम्याद हटाएकाले सो उमेर हदबारे कार्यान्वयन नगर्न भनिएको हो। वैशाख ७ गते पेसी बोलाइएको छ। यसपछि उक्त आदेशले निरन्तरता पाउने वा नपाउने भन्नेबारे छलफल गर्न वादी र प्रतिवादी दुवै पक्षलाई बोलाइएको छ,' सहरजिस्ट्रार कुइँकेलले अन्नपूर्णसँग भने। सरकारले फागुन २७ गते अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३ लाई संशोधन गर्दै ६५ वर्षसम्मको उमेरहदको व्यवस्था हटाएको थियो।





मापदण्डको दफा ३ (ग) मा गभर्नरको नियुक्तिको उमेरहदसम्बन्धी व्यवस्था खारेज गरेको थियो। जबकी संशोधन पूर्वकार्यकारी प्रमुखको हकमा ३० वर्ष र योभन्दा बाहेकको अन्य पदाधिकारी तथा सदस्य ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको व्यक्ति नियुक्ति योग्य हुने मापदण्डमा उल्लेख थियो।उक्त मापदण्ड खारेजीको माग गर्दै चैत ३१ गते सर्वोच्चमा रिट दर्ता भएको थियो। अधिवक्ताहरू विशाल थापा, विकास भट्टराई, अनन्दराज लुइँटेललगायतले संशोधित मापदण्ड कानुनविपरीत भएको भन्दै रिट दर्ता गरेका थिए। उनीहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गभर्नर सिफारिस समिति र नेपाल राष्ट्र बैंकलाई केन्द्रीय विपक्षी बनाएर रिट दायर गरेका थिए। सरकारले एक पटक तयार भइसकेको मापदण्डलाई निहित स्वार्थका लागि आफूअनुकूल बनाउन खोजिएको रिट निवेदनमा दाबी गरिएको छ। 'सरकारले उक्त प्रावधान हटाउने निर्णयसमेत झिकाई मगाई बुझी उक्त उमेरजन्य योग्यता हटाउने विपक्षीको गैरकानुनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३ तथा विपक्षी नेपाल राष्ट्र बैंकको गभर्नर पदको नियुक्ति गर्दा उमेरजन्य योग्यतासमेत तोकी योग्य व्यक्तिको नियुक्ति गर्नु गराउनुपर्ने छ,' रिटमा भनिएको छ, 'सो मापदण्ड, २०७३ को तथा नेपाल राष्ट्र बैंक ऐन २०५८ मा समेत उमेरजन्य योग्यता राख्नु राख्न लगाउनूसमेत भनी विपक्षीका नाममा परमादेश समेत जारी गरी पाऊ।'

निवेदनको अन्तिम टुंगो नलागुञ्जेलसम्मका लागि यथाशीघ्र मापदण्डमा उमेजन्य योग्यता नराखी तथा कानुनी व्यवस्था नगरी राष्ट्र बैंकको गभर्नरको पदमा नियुक्तिको प्रक्रिया अघि नबढाउनु, बढ्न नदिन पनि रिटमा माग गरिएको छ।